गाउँसभाबाट स्वीकृत मिति २०८२।०३।३२

## पातारासि गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८२

**प्रस्तावनाः**पातारासि गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम पातारासि गाउँपालिकाको तेह्रौ गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि पातारासि गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसुचि (१)र(१) क बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):**गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल रप्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटनशुल्कः**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **निर्माण व्यवसाय इजाजत दर्ता,मुहान दर्ता तथा नविकरण शुल्कः** गाउँपालिकाले अनुसूची १४ मा उल्लेखित दरमा निर्माण व्यवसाय इजाजत पत्रको दर्ता तथा नविकरण शुल्क लगाउन सक्नेछ ।

१६. **पशुपंक्षि चरन प्रवेश करः**गाउँपालिकाले अनुसूची १५ मा उल्लेखित दरमा पशुपंक्षि चरन प्रवेश शुल्क लागउने छ ।

१७. **ढङ्गा गिट्टि वालुवा तथा सिलेट ढुवानी तथा निकासी करः** गाउँपालिकाले अनुसूची १६ मा उल्लेखित दरमा ढङ्गा गट्टि वालुवा तथा सिलेट ढुवानी तथा निकासी कर लगाउन सक्नेछ ।

१८. **दहत्तर बहत्तर (दाउरा काठको लागि) शुल्कः** गाउँपालिकाले अनुसूची १७ मा उल्लेखित दरमा दहत्तर बहत्तर (दाउरा काठको लागि) शुल्क लगाउन सक्नेछ ।

१९. **पूर्जि सिफारिस र नक्सापास शुल्कः** घर निर्माणका लागि पुर्जि सिफारिस र घर बनाउनका लागि नक्सा पास गर्न अनुसूची १८ मा उल्लेखित दरमा शुल्क लगाउन सक्नेछ ।साथै नक्सा पास गर्ने कार्यलवाई अनिवार्य बनाईदै लगिनेछ ।

२० वडा कार्यालयबाट दिईने सिफारिस तथा सेवा शुल्क:स्थानिय सरकार सञ्चालन ऐन २०७४ अनुसार वडा कार्यालयबाट गरिने सिफारिस तथा पञ्जिकरण सम्बन्धी शुल्क अनुसूची १९ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

२१ **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

२२ **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ

**अनुसुचि-१**

**(दफा २ सँग सम्बनधित)**

**सम्पति कर**

| सि.नं. | कर शिर्षक | स्वीकृत कर | कैफियत |
|---|---|---|---|
| १ | एकिकृत सम्पति कर | ०.०५ प्रतिशत | गाउँ क्षेत्र |
| २ | एकिकृत सम्पति कर | ०.१ प्रतिशत | बजार क्षेत्र |
| ३ | माटोले छाएको घर | १०० वार्षिक | |
| ४ | जस्ताले छाएको घर | २०० वार्षिक | |
| ५ | पक्की घर १ तले | ५०० वार्षिक | |
| | पक्की घर २ तले | ७५० वार्षिक | |
| | पक्की घर ३ तले | १००० वार्षिक | |

**अनुसुचि-१(क)**

**(दफा २ सँग सम्बनधित)**

**एकिकृत सम्पति करको दर**

| कर योग्य एकिकृत सम्पत्तिको मूल्य | वार्षिक दर |
|---|---|
| पाँच लाख रुपैया सम्मको मूल्याङ्कनमा | एक मुष्ट रु ५० |
| पचास लाख रुपैया सम्म | प्रति लाख रु १० |
| एकाउन्न लाख देखि एक करोड रुपैया सम्म | प्रति लाख रु २० |
| एक करोड एक लाख देखि दुई करोड रुपैया सम्म | प्रति लाख रु २५ |
| दुई करोड एक लाख रुपैया देखि तीन करोड रुपैया सम्म | प्रति लाख रु ३० |
| तीन करोड एक लाख रुपैया देखि पाँच करोड रुपैया सम्म | प्रति लाख रु ४५ |
| पाँच करोड भन्दा माथि | प्रति लाख रु ५० |

## अनुसुचि-२
### (दफा ३ सँग सम्बन्धित)
### भुमि कर (मालपोत)

| मुख्य क्षेत्र मूल्य | स्थान | न्यूनतममूल्य(प्रति रोपनी) |
|---|---|---|
| क. व्यापारिक क्षेत्र | मुख्य सडकले छोएका (उर्थू क्षेत्र) काजग्गाहरु | १२ लाख |
| | डिल्लीचौर र लासीबजार | १० लाख |
| | छुमचौरको लोटचौर, | ४ लाख |
| | पातारासीको तल्फी, पेरे सडक क्षेत्र | ७लाख |
| ख) आवासिय क्षेत्र | उर्थू मुख्य सडक क्षेत्र बाहेकको जग्गा | ५ लाख |
| | डिल्लीचौर सडक क्षेत्र बाहिरको | ५ लाख |
| | छुमचौर र पातारासी सडक क्षेत्र बाहिरको जग्गाहरु | १ लाख |
| ग) कृषि क्षेत्र | वनवगर क्षेत्रमा परेकाबाहेकका सडकले नछोएका पटमारा | ८० हजार |
| | वनवगर क्षेत्रमा परेकाबाहेकका सडकले नछोएका डिल्लीचौर | ५० हजार |
| | वनवगर क्षेत्रमा परेकाबाहेकका सडकले नछोएका छुमचौर र पातारासी | ३० हजार |
| घ) वनतथावगर क्षेत्र | खोलाभित्र परेकावाखोलाकिनारले छोएका पटमारा | २५ हजार |
| | खोलाभित्र परेकावाखोलाकिनारले छोएका डिल्लीचौर | १५ हजार |
| | खोलाभित्र परेकावाखोलाकिनारले छोएकापातारासी र छुमचौर | १० हजार |
| | मालपोत प्रतिरोपनी खेत | रु १५ |
| | मालपोत पाखो | रु १० |

## अनुसुचि-३
### (दफा ४ सँग सम्बन्धित)
### घर बहाल कर

| सि.नं. | कर शिर्षक | स्वीकृत कर | कैफियत |
|---|---|---|---|
| १ | **घर बहाल कर** | **१० प्रतिशत** | |

अनुसुचि-४

(दफा ५ सँग सम्बन्धित)

**व्यबसाय कर**

| सि.नं. | कर शिर्षक | स्वीकृत कर | कैफियत |
|---|---|---|---|
| १ | होटल संन्चालन कर | रु ५०० | **बार्षिक** |
| २ | पसल दर्ता शुल्क | रु ५०० | **बार्षिक** |
| ३ | घरेलु उध्योग शुल्क | रु ५०० | **बार्षिक** |
| ४ | साना उध्योग शुल्क | रु ३००० | **बार्षिक** |
| ५ | मझौला उध्योग | रु ५००० | **बार्षिक** |
| ६ | ठुला उध्योग | रु १०००० | **बार्षिक** |
| ७ | बैंक वित्तिय संस्था | रु २००० | **बार्षिक** |

अनुसुचि-५

(दफा ६ सँग सम्बन्धित)

**जडिबुटी,कवाडी र जीवजन्तु कर:**

| सि.नं. | कर शिर्षक | स्वीकृत कर | कैफियत |
|---|---|---|---|
| १ | जटामसि | ५प्रति के.जी. | |
| २ | यार्सागुम्वा | ५००० प्रति के.जी | |
| ३ | बन लसुन | २०० प्रति के.जी | |
| ४ | गुच्चि च्याउ | १०० प्रति के.जी | |
| ५ | सतुवा | १०० प्रति के.जी | |
| ६ | सेतक चिनि | ५ प्रति के.जी | |
| ७ | याक्चा चुक (पदम चाल) | १ प्रति के.जी | |
| ८ | विष जरा | १ प्रति के.जी | |
| ९ | कबाडी | १ प्रति के.जी | |
| १० | जीबजन्तु | १० प्रति के.जी | |
| ११ | पाखन भेद | १ प्रति के.जी | |
| १२ | बोजो | १ प्रति के.जी | |
| १३ | कुटुकी | ५० प्रति के.जी | |
| १४ | अतिस | १० प्रति के.जी | |
| १५ | सुगन्धवाल समायो | ५ प्रति के.जी | |
| १६ | जिव जन्तु हाडखोर | १० प्रति के.जी | |

| | | | |
|---|---|---|---|
| १७ | काला दाना | ५ प्रति के.जी | |
| १८ | गुन्नाइनो बायोजडी | ५० पैसा के जी | |
| १९ | बुकी फूल | १ प्रति के जी | |
| २० | तितेपाती | १ प्रति के जी | |
| २१ | डाले चुक | २ प्रति के जी | |
| २२ | ढटेलो आरु | १ प्रति के जी | |
| २३ | अतिसको फल | १६० प्रति के जी | |
| २४ | जङ्गली ओखर | ५० पैसा प्रति के जी | |
| २५ | धुपी पात र फल | १५ प्रति के जी | |
| २६ | सुनपाती | १ प्रति के जी | |
| २७ | जटा मसी तेल | ५० पैसा प्रति के जी | |
| २८ | लौंठ सल्ला पात | ५ प्रति के जी | |
| २९ | भोज पत्र | २ प्रति के जी | |
| ३० | धुपी तेल | १० प्रति के जी | |
| ३१ | ढटेलो तेल | १० प्रति के जी | |
| ३२ | ओखर तेल | २० प्रति के जी | |
| ३३ | देवदयार तेल | ५० प्रति के जी | |
| ३४ | आरु तेल | २० प्रति के जी | |
| ३५ | सुगन्धवाल तेल | ५० प्रति के जी | |
| ३६ | सुनपाती तेल | १५ प्रति के जी | |

**अनुसुचि-६**

**(दफा ७ सँग सम्बन्धित)**

**सवारी साधन कर**

| सि.नं. | कर शिर्षक | स्वीकृत कर | कैफियत |
|---|---|---|---|
| १ | रिक्सा | १०० | वार्षिक |
| २ | अटो रिक्सा | २०० | वार्षिक |
| ३ | जिप | ५०० | वार्षिक |
| ४ | मोटर साईकल | १०० | वार्षिक |

**अनुसुचि-७**

**(दफा ८ सँग सम्बन्धित)**

**बिज्ञापन कर**

| सि.नं. | कर शिर्षक | स्वीकृत कर | कैफियत |
|---|---|---|---|
| १ | होडिङ्ग बोर्ड (ब्यक्तिगत) | ५०० | |
| २ | होडिङ्ग बोर्ड (संस्थागत) | १००० | |

**अनुसुचि-८**

**(दफा ९ सँग सम्बन्धित)**

**मनोरन्जरकर कर**

| सि.नं. | कर शिर्षक | स्वीकृत कर ( मासिकरु. ) | कैफियत |
|---|---|---|---|
| १ | सिनेमा हल | ५०० | |
| २ | भिडियो हल | ५०० | |
| ३ | साँकृतिक प्रदर्शन | ५०० (प्रति पटक | |

**अनुसुचि-९**

**(दफा १० सँग सम्बन्धित)**

**बहाल बिटौरी शुल्क**

| सि.नं. | कर शिर्षक | स्वीकृत कर ( मासिकरु. ) | कैफियत |
|---|---|---|---|
| १ | हाट बजार(प्रति स्टल) | ५० | वार्षिक |
| २ | ऐलानि जग्गा भाडा | ५०० | प्रति रोपनी |
| ३ | बाटोको छेउका अस्थायि पसल भाडामा (प्रति टहरा) | १००० | वार्षिक |
| ४ | अन्य भाडा | ५०० | वार्षिक |

**अनुसुचि-१०**

**(दफा ११ सँग सम्बन्धित)**

**पार्किङ शुल्क**

| सि.नं. | कर शिर्षक | स्वीकृत कर ( मासिकरु. ) | कैफियत |
|---|---|---|---|
| १ | मोटर साईकल | १० | |
| २ | कार,जिप,डेलिभरी भ्यान | ५० | |
| ३ | टेम्पो,अटोरिक्सा | ५ | |
| ४ | पावर टेलर | ५० | |

| | | | |
|---|---|---|---|
| ५ | टयाक्ट्रर | ५० | |
| ६ | मिनि बस,मिनि ट्क | १०० | |
| ७ | रोड रोलर डोजर | २०० | |
| ८ | क्रेन,दमकल,लोडर | २०० | |
| ९ | अन्य | १०० | |

**अनुसुचि-११**

**(दफा १२ सँग सम्बन्धित)**

**ट्रेकिङ,क्योनोइङ्ग,बन्जी जम्पिङ,जिप फ्लायर र रयापटिङ शुल्क**

| सि.नं. | कर शिर्षक | स्वीकृत कर(प्रर्ति पटक रु.) | कैफियत |
|---|---|---|---|
| १ | ट्रेकिङ (देबस्थल देखि पातारासिसम्म) | १००(आन्तरिक) | |
| २ | ट्रेकिङ (देबस्थल देखि पातारासिसम्म) | ५००(अन्तराष्ट्रिय) | |
| ३ | क्योनोइङ्ग, | ५०० | |
| ४ | बन्जी | ५०० | |
| ५ | जम्पिङ, | ५०० | |
| ६ | रयापटिङ | १००० | |

**अनुसुचि-१२**

**(दफा १३ सँग सम्बन्धित)**

**सेवा शुल्क र दस्तुर**

| सि.नं. | कर शिर्षक | स्वीकृत कर(मासिक रु.) | कैफियत |
|---|---|---|---|
| १ | ढल निकास | ५० | |
| २ | फोहोर मैला संकलन शुल्क | ५० | |
| ३ | सरसफाई शुल्क | ५० | |
| ४ | पर्यटकीय तथा बनभोज क्षेत्र | ५० | |
| ५ | पार्क प्रबेश शुल्क | ५० | |
| ६ | उध्योग र भ्यु टावर प्रबेश रु | ५० | |
| ७ | सिफारिस शुल्क | १०० | |
| ९ | संस्था दर्ता/सिफारिस | ५०० | |
| १० | योजना सम्झौता र सम्पन्न सिफारिस | १लाख सम्म ५०० र १लाख भन्दा माथि १००० | |
| ११ | कृषि उपज सिफारिस प्रति किलो | ५० पैसा | |
| १२ | हल भाडा आन्तरिक शाखा | ५०० | |
| १३ | हल भाडा बाह्य | १००० | |

**अनुसुचि-१३**

**(दफा १४ सँग सम्बन्धित)**

**पर्यटन शुल्क**

| सि.नं. | कर शिर्षक | स्वीकृत कर ( प्रतिपटक रु. ) | कैफियत |
|---|---|---|---|
| १ | पातारासी पर्वतारोहण ( आन्तरिक) | १००० | |
| २ | पातारासी पर्वतारोहण ( अन्तराष्ट्रिय) | ५००० | |
| ३ | धानचौरी पर्यटन शुल्क( आन्तरिक) | २० | |
| ४ | धानचौरी पर्यटन शुल्क ( अन्तराष्ट्रिय) | १०० | |

## अनुसुचि-१४

**(दफा १५ सँग सम्बन्धित)**

**निर्माण व्यवसाय इजाजत पत्र दर्ता,मुहान दर्ता तथा नविकरण शुल्क**

| सि.नं. | कर शिर्षक | स्वीकृत कर ( वार्षिक रु. ) | कैफियत |
|---|---|---|---|
| १ | इजाजत पत्र दर्ता शुल्क | ५००० | |
| २ | इजाजत पत्र नविकरण शुल्क (३ महिना अघि) | २५०० | |
| ३ | इजाजत पत्र नविकरण शुल्क (६ महिना अघि ) | ३५०० | |
| | इजाजत पत्र नविकरण शुल्क (६ महिना पछि) | ५००० | |
| ४ | मुहान दर्ता शुल्क | २००० | |
| ५ | मुहान दर्ता नविकरण शुल्क | ५०० | |

## अनुसुचि-१५

**(दफा १६ सँग सम्बन्धित)**

**पशुपंक्षि चरन प्रवेश शुल्क**

| सि.नं. | कर शिर्षक | स्वीकृत कर ( प्रति गोटँ रु. ) | कैफियत |
|---|---|---|---|
| १ | भेडा | १० | |
| २ | गाई | ५० | |
| ३ | भैंसी | ३०० | |
| ४ | घोडा | ३०० | |
| ५ | चौरी | ५०० | |

## अनुसुचि-१६

(दफा १७ सँग सम्बन्धित)

ढुङ्गा, गिट्टी, बालुवा तथा सिलेट सेवा शुल्क दस्तुर तथा कर

| सि.नं. | कर शिर्षक | स्वीकृत दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | ढुङ्गा प्रति चट्टा | २५० | |
| २ | बालुवा प्रति टयक्टर | ५०० | |
| ३ | बालुवा प्रति ट्रक टिपर | २००० | |
| ४ | माटो प्रति टयक्टर | ५० | |
| ५ | माटो प्रति ट्रक टिपर | १०० | |
| ६ | गिट्टी प्रति टयक्टर | ५०० | |
| ७ | गिट्टी ट्रक टिपर | २००० | |
| ८ | ग्रावेल बोल्ड मिक्स प्रति टिपर | ८०० | |
| ९ | ग्रावेल बोल्ड मिक्स प्रति टयक्टर | २०० | |

अनुसुचि-१७

(दफा १८ सँग सम्बन्धित)

दहत्तर बहत्तर शुल्क

| सि.नं. | कर शिर्षक | स्वीकृत दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | दाउरा प्रति भारी | १० | |
| २ | दहत्तर बहत्तर ढुवानि प्रति टयक्टर | १५० | |
| ३ | दहत्तर बहत्तर ढुवानि प्रति ट्रक टिपर | २५० | |

अनुसुचि-१८

(दफा १९ सँग सम्बन्धित)

पूर्जि सिफारिस र नक्सापासशुल्क

| सि.नं. | कर शिर्षक | स्वीकृत दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | घर निर्माणका लागि पुर्जी | १००० | |
| २ | नक्सापास प्रति वर्ग फिट | ५ | |

अनुसुचि-१९

(दफा २० सँग सम्बन्धित)

वडा कार्यालयबाट दिईने सिफारिस तथा सेवा शुल्क

| सि.नं. | शिर्षक | स्वीकृत दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस तथा नागरिकता प्रतिलिपि सिफारिस | १५० | |

| | | | |
|---|---|---|---|
| २ | नाम थर संशोधन | १५० | |
| ३ | विवाह प्रमाणित | १०० | |
| ४ | जन्म प्रमाणित | १०० | |
| ५ | बसोबास प्रमाणित | १०० | |
| ६ | मृत्यु प्रमाणित | १०० | |
| ७ | नाता प्रमाणित  नेपाली भाषा | १५० | |
| ८ | नाता प्रमाणित  अङ्ग्रेझि भाषा | २५० | |
| ९ | दुर्गम तथा पि.क्षे सिफारिस | १५० | |
| १० | नाता कायम सिफारिस नेपाली भाषा | १५० | |
| ११ | नाता कायम सिफारिस अङ्ग्रेजी भाषा | २५० | |
| १२ | घरजग्गा नामसारी सिफारिस | १०० | |
| १३ | घर कायम सिफारिस | १५० | |
| १४ | चाल चलन सिफारिस | १५० | |
| १५ | जग्गाधनी पूर्जा फोटो टाँस सिफारिस | १०० | |
| १६ | घरबाटो सिफारिस | १०० | |
| १७ | आय श्रोत प्रमाणित | ५०० | |
| १८ | जन्म दर्ता विवाह दर्ता भृत्यु दर्ता र सम्बन्ध विच्छेद दर्ता ३५ दिन पछि | ५० | |
| १९ | चार किल्ला प्रमाणितत | ५०० | |
| २० | विद्युत जडान घरायसी | १०० | |
| २१ | विद्युत जडान उद्योग | ५०० | |
| २२ | काठ आपूर्ति सिफारिस | १०० | |
| २३ | धारा जडान | १०० | |
| २४ | दैवि प्रकोप अपाङ्ग असहाय छात्रबृत्ति सिफारिस | निशुल्क | |
| २५ | पेन्सन सिफारिस | १०० | |
| २६ | धितो मूल्याङ्कन प्रति लाख | १५० | |
| २७ | संस्था दर्ता सिफारिस | ५०० | |
| २८ | योजना सिफारिस १ लाख सम्म | ५०० | |
| २९ | योजना रिफारिस १ लाख भन्दा बढी | १००० | |
| ३० | योजना कार्य सम्पन्न सिफारिस १ लाख सम्म | ५०० | |
| ३१ | योजना कार्य सम्पन्न सिफारिस १ लाख भन्दा माथि | १००० | |
| ३२ | उपचार सिफारिस | निशुल्क | |
| ३२ | घर  निर्माणका लागि पूर्जि सिफारिस | १००० | |